अनुसूची-२

(दफा ४ तथा अनुसूची (१) को भाग (२) सँग सम्बन्धित)

# विदेह नगरपालिका

## स्थानीय राजपत्र

खण्ड : ४ संख्या : ३ मिति : २०७९/१२/२०

# नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९



CamScanner

## प्रस्तावना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (क) ले स्थानिय तहलाइ तोकेको काम कर्तव्य र अधिकार कार्यान्वयन गर्न विदेह नगरपालिकाको प्रसासकिय कार्यविधि नियमित गर्न बनेको ऐन २०७७ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी विदेह नगर कार्यपालिकाको मिति २०७९/१२/१७ गतेको बैठकले यो "नगर प्रहरी सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि२०७९" स्विकृत गरी लागु गरेको छ

## परिच्छेद - १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

क) यो कार्यविधिको नाम "नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९" रहेको छ।

ख) यो कार्यविधि विदेह नगरकार्यपालिकाले स्वीकृत गरेपछि तुरुन्तै लागू हुनेछ।

२. परिभाषा: विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:–

क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

ग) "नगरपालिका" भन्नाले विदेह नगरपालिकालाई सम्झनु पर्दछ।

घ) "कार्यालय" भन्नाले नगर कार्यपालिकाको कार्यालय, विदेह नगरपालिका धनुषा लाई सम्झनु पर्दछ।

ङ) "समिति" भन्नाले विदेह नगरपालिकाको यस कार्यविधि बमोजिम गठित पदपूर्ति समितिलाई सम्झनु पर्दछ।

च) "नगर प्रहरी" भन्नाले विदेह नगरपालिका वाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ।

छ) "भत्ता" भन्नाले विदेह नगरपालिकाले समय समयमा तोकिदिए बमोजिमको भत्तालाई सम्झनु पर्दछ।

ज) "आर्थिक वर्ष" भन्नाले श्रावण १ गते देखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ।

झ) "कार्यपालिका" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गठन हुने नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

ञ) "नगर सभा" भन्नाले विदेह नगरपालिकाको सभा सम्झनु पर्दछ।

ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानिय सरकार संचालन ऐनको दफा ८४ बमोजिमको विदेह नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

ठ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले नगर कार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

ड) "जवान" भन्नाले नगर प्रहरी सेवा इकाइ को प्रहरी जवान सम्झन पर्दछ।

ढ) नगर प्रहरी कर्मचारी भन्नले नगर प्रहरी सहायक निरिक्षक, नगर प्रहरी हवल्दार र नगर प्रहरी जवानलाई सम्झनु पर्दछ।

कार्यविधिको व्याख्या नगर कार्यपालिकाले गर्ने :



क) कुनै अधिकारीले यस कार्यविधिको प्रयोग गर्दा नगर प्रहरी कर्मचारीलाई मर्कापरेमा निजले नगर कार्यपालिकाको कार्यालयमा निवेदन समक्ष निवेदन दिन सक्नेछ।

ख) कार्यविधिको बुँदा ३ (क) को सम्बन्धमा नगर कार्यपालिकाको कार्यालयले निवेदन परेको मितिले ३० दिन भित्रमा निर्णय गरिसक्नु पर्नेछ।

## परिच्छेद २

## नगर प्रहरी सेवा इकाइको गठन,पद पुर्ती, योग्यता, सेवा सुविधा र कार्य विवरण

४. नगर प्रहरी सेवा इकाइको गठन:-

(१) नगरपालिकामा एक नगर प्रहरी सेवा इकाइ रहनेछ जसमा देहाय बमोजिमका पदहरु सिर्जना गरी सेवा करार बाट पद पुर्ति गरिनेछ।

क) नगर प्रहरी सहायक निरीक्षक

ख) नगर प्रहरी हवल्दार

ग) नगर प्रहरी जवान

२) उपदफ १ बमोजिमका पदहरुमा पद पुर्ति गर्न पदपुर्ति समितिले खुल्ला प्रतियोगिता द्वारा उमेदवार छनौठ गरी नियुक्तिका लागि प्रमुख प्रशासकिय अधिकृत समक्ष सिफारिस गरिनेछ।

३) पद पुर्ति समितिले आफ्नो कार्य सम्पादनको क्रममा आवशयकता अनुसार सम्बन्धित विषयको विज्ञलाई आमन्त्रण गर्न सक्ने छ।

४) पदपुर्ति समितिबाट नियुक्तिका लागि सिफारिस भएका उमेदवारहरुलाइ प्रमुख प्रसिकिय अधिकृतले नगर प्रहरी इकाइ अन्तर्गतको पदमा नियुक्ति दिइनेछ।

५) सेवा विस्तारको आधारमा नगर कार्यपालिकाले आवश्यक दरवन्दि संख्याको यकिन तथा आवश्यक परेमा थप नगर प्रहरी सेवा इकाइमा रहने गरी नगर प्रहरीको थप दरवन्दी सिर्जना गर्न सक्ने छ।

५) नगर प्रहरी पदको लागी आवश्यक योग्यता:-

१) नगर प्रहरी सेवा इकाइमा रहने पदहरुका लागि आवश्यक योग्यता देहाय बमोजिम हुनेछ।

क) दरखास्त आव्हान भएको मितिमा १८ वर्ष उमेर पुरा भई र ३५ वर्ष ननाघेको। तर खुल्ला प्रतियोगितामा भाग लिने वहालवाला नगर प्रहरीको हकमा ४० वर्ष ननाघेको।

ख) नगर प्रहरी सहायक निरीक्षक पदको लागि स्वीकृत विश्वविद्यालयवाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण, नगर प्रहरी हवल्दार र नगर प्रहरी जवान पदको लागि एस.एल.सी./एस.ई.ई. वा सो सरह उतिर्ण गरेको।

ग) नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको।

घ) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको।

ङ) मानवअधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको।

च) घटीमा ५ फिट उचाई भएको।

छ) छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको।

ज) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।

झ) नेपाली नागरिकता प्रमाणपत्र पाएको।

ञ) पद पुर्ति समितिले निर्धार्ण गरे बमजिमको शारीरिक तन्दुरुस्ती भएको।

६. पद पुर्ति सममिति:-

१) विदेह नगरपालिका नग प्रहरी सेवा इकाईमा आवश्यक नगर प्रहरीको पदपुर्ति गर्ने प्रयोजनका लागि देहाय बमोजिमको एक पद पुर्ति समिति रहनेछ।



CamScanner

क) नगर प्रमुखले तोकेको कार्यपालिकाको सदस्य - संयोजक,
(ख) राजस्वशाखा प्रमुख - सदस्य,
(ग) प्रशासन शाखा प्रमुख - सदस्य,
घ) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

२) नगर प्रहरीहरुको नयाँ पदपूर्तिका लागि छनौट प्रकृयामा नजिकैको प्रहरी कार्यालयको प्रतिनिधि वा नगर प्रहरी प्रमुखलाई विज्ञको रुपमा आमन्त्रित गरिनेछ ।

७. पद पुर्ती समितिको काम कर्तव्य र अधिकार

१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदको पाठ्यक्रम नेपाल प्रहरीको सम्बन्धित पदको लागि तोकिएको पाठ्यक्रम र छनौट विधिलाई आधार मान्ने र आवश्यक्तानुसार पदपूर्ति समितिले पाठ्यक्रममा हेरफेर र परिमार्जन गरी निर्धारण गर्न सकिने छ ।

(ख) परीक्षाको किसिम तोक्नेछ ।

ग) पद पूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने ।

(घ) शारिरीक तन्दुरुस्ती परीक्षा संचालन गरी लिखित परीक्षाको लागि संख्या निर्धारण गरी नतिजा प्रकाशन गर्ने ।

(ङ) नियुक्तीका लागि सिफारिश गर्ने ।

(च) लोक सेवा आयोगवाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ती र वढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तमा पदपूर्ति समितिले गर्ने भनी तोकिएका पदपूर्तिसँग सम्वन्धीत अन्य कार्य गर्ने ।

(२) पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्वन्धमा आवश्यकता अनुसार कार्यविधिगत निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ ।

(३) खुल्ला प्रतियोगिताद्वारा पदपूर्तिका लागि विज्ञापन गर्दा दरखास्त पेश गर्ने म्याद पन्ध्र दिन राखी राष्ट्रिय स्तरको पत्रीकामा सूचना प्रकाशन गर्नु पर्नेछ ।

८) योग्यताक्रम सूची तयार गर्ने :

(१) उम्मेदवारहरुले दिइएको परीक्षा र अन्तरवार्तामा प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्ति/सम्झौताका लागि सिफारिस गर्नेछ । कुल रिक्त पदको वढीमा १५ प्रतिशतसम्म योग्यताक्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ ।

(२) कार्यविधिको वुँदा ८ (१) वमोजिम सिफारिस गरिएका व्यक्तिहरुलाई पदपूर्ति समितिले



नगर कार्यपालिका समक्ष नियुक्तिका लागि पेश गर्नेछ ।

(३) नियुक्ति/सम्झौताको लागि सिफारिश भएको मितिले पैतीस दिनभित्र नगर कार्यपालिकाले नियुक्ति/सम्झौता पत्र दिने निर्णय गरी सक्नु पर्नेछ ।

(४) कार्यविधिको वुँदा ८ (३) वमोजिम निर्णय भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्तिपत्र दिनेछ ।

९) जेष्ठताक्रम कायम गर्ने :

(१) नगर प्रहरी जेष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अंकको आधारमा कायम गरिनेछ ।

(२) वैकल्पिक उम्मेदवारहरुले एक वर्षसम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ

१०) परीक्षणकालमा राखिने :

(१) नयाँ नियुक्त गरिएका नगर प्रहरी कर्मचारीलाई एक वर्षको परीक्षणकालमा राखिनेछ । सो अवधिमा नगर प्रहरी कर्मचारीले सन्तोषजनक काम नगरेमा नगर प्रहरी प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले थप छ महिना परीक्षणकालमा राख्न सक्नेछ । महिला नगर प्रहरी कर्मचारीको हकमा ६ महिना मात्र परिक्षणकाल रहनेछ ।

(२) कार्यविधिको वुँदा १० (१) वमोजिम थप भएको परीक्षणकालमा रहेको कुनै नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा निजलाई नियुक्ति/सम्झौता गर्ने अधिकारीले अवकाश दिन सक्नेछ ।

## परिच्छेद - ३
## नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

११) नगर प्रहरी कर्मचारीको कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) विदेह नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्ने,
(२) विदेह नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,
(३) स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,
(४) स्थानीय बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन,
(५) नगर सरसफाई सम्बन्धी मापदण्ड कार्यान्वयन गर्ने,
(६) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णय कार्यान्वयन,
(७) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधार संरक्षण र

सुरक्षा,

(८) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना,

(९) अनाधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण,

(१०) छाडा चौपायको नियन्त्रण,

(११) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,

(१२) सार्वजनिक आवागमनमा बाधा पुऱ्याई राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफै हटाई र हटाउन लाग्ने खर्च सम्वन्धित व्यक्तिबाट असूल उपर गर्न पेश गर्ने ।

(१३) सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने । निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी कानून शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने र भत्काउने आदेश भएमा भत्काउने ।

(१४) नगर क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्शापास भए नक्शापासको प्रमाण पत्र सहितको प्रतिवेदन कानून शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने । मापदण्ड विपरित निर्माण भएको देखिए भत्काउने आदेश पाएमा भत्काउने ।

(१५) स्वास्थ्यका लागि हानिकारक चिज तथा सडेगलेको खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउने र तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकारक चिज वस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ पेश गर्ने ।

(१६) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्रि वितरणमा रोक लगाउने र अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय साथ पेश गर्ने ।

(१७) छाडा कुकुर नियन्त्रण सम्वन्धी कारवाही गर्ने तथा मरेका जीवजन्तु समयमै गाड्न लगाउने ।

(१८) खतरा उत्पन्न हुने रुख काट्न लगाउने तथा जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।

(१९) वडा समिति, टोल सुधार समिति, तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

(२०) नगर कार्यपालिका, समिति, उपसमिति तथा आयोजनाहरुबाट लागू हुने नीति, निर्णय, नियम र कानून कार्यान्वयन गर्ने ।

(२१) ईजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता/नवीकरण गर्न लगाउने ।

(२२) विदेह नगरपालिका क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचारप्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने अटेर गर्नेलाई जरिवाना कारवाही गर्ने ।



(२३) विदेह नगरपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, अभ्यास आदि जस्ता कार्यक्रममा उपमहानगरपालिकाको तर्फबाट तोकिए बमोजिम प्रतिनिधित्व गर्ने ।

(२४). नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूचि राख्न लगाउने तथा चेक गर्ने ।

(२५) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, पार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने मापदण्ड अनुरुप नचलेको पाईएमा कारवाहीको लागि पेश गर्ने ।

(२६) नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु, सर्कस जुवा लगायतका विकृतीजन्य क्रियाकलापमा रोक लगाउने ।

(२७) नगरपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राख्ने ।

(२८) अरुलाई वाधा पुग्ने गरी लाउड स्पिकर रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

(२९) शहरमा ध्वनी, धुवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा वाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने ।

(३०) दमकल ९्ष्चभ द्यचष्नबमभ० सेवालाई २४ सैं घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त राहत कार्यमा सहयोग पुऱ्याउने ।

(३१) विपद, महामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त खटी जाने ।

(३२) नगरपालिका मातहतका शाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

(३३) नगरपालिका अन्तर्गतका शाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्यन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

(३४) माथि तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने ।

(३५) नगरपालिकाले तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

## परिच्छेद - ४

## विदा

१२) विदा अधिकारको कुरा होइन, सहुलियत मात्र हो ।

(१) नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन ।

(२) विदाको किसिमहरु : नगर प्रहरी कर्मचारीहरुले देहाय बमोजिमका विदा पाउनेछन

१) भैपरी आउने र पर्व विदा

२) किरिया विदा

३) प्रसुती विदा

४) प्रसुति स्याहार विदा

(५) विरामी विदा

(६) सट्टा विदा

१३) भैपरी/पर्व विदा :

(१) नगर प्रहरी कर्मचारीले प्रत्येक वर्षमा १२ दिनमा नबढाई भैपरी आउने/पर्व विदा पाउने छ।

(२) भैपरी आउने/पर्व आउने विदा साधारणतया एक पटकमा २ दिनमा नबढाई लिन पाइने छ।

(३) भैपरी आउने/पर्व आउने विदा एक वर्षको अर्को वर्षमा लिन पाइने छैन।

(४) विदा बस्नु परेमा कुनै प्रहरी कर्मचारीले विदाको स्वीकृति लिई रहन नभ्याएमा विदा वसेपछि स्वीकृत गराउनु पर्नेछ।

(५) भैपरी आउने/पर्व विदा वसेका नगर प्रहरी कर्मचारीहरुले पूरा तलव, भत्ता, राशन पाउनेछ।

(६) भैपरी आउने/पर्व विदा शनिवार वाहेक अरु विदाहरुसँग मिलाई लिन पाइने छैन।

१४) किरिया विदा :

(१) नगर प्रहरी कर्मचारी आफैं किरियामा वस्नु परेमा कूल धर्म अनुसार वढीमा १५ दिन किरिया विदा पाउनेछ। यस्तो विदा महिला नगर प्रहरी कर्मचारीको पतिले किरिया वस्नुपरेमा त्यस्तो महिला कर्मचारीलाई समेत दिईनेछ।

(२) यस्तो किरिया विदा बस्ने नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ।

१५) प्रसूती विदा :

(१) महिला नगर प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अधिपछि गरी ९८ दिन प्रसूती विदा पाउनेछ।

(२) प्रसूती विदा वस्ने महिला नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ।

(३) प्रसूती विदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ साथै नगरपालिकाले दिएको सुविधा उपभोग गर्न पाउनेछ।

(४) उल्लेख भएअनुसारको विदाको अभिलेख कर्मचारीको विदा स्वीकृत गर्ने कार्यालयले अध्यावधिक बनाई राख्नुपर्नेछ।

१६) प्रसूती स्याहार विदा :

(१) प्रसूति स्याहार विदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ साथै नगरपालिकाले दिईएको सुविधा उपभोग गर्न पाउनेछ।

(२) नगर प्रहरी कर्मचारीको पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सुत्केरी हुनुभन्दा अधि वा पछि गरी पन्ध्र दिन प्रसूति स्याहार विदा लिन सक्नेछ। यो विदा सेवा अवधिमा दुई पटकसम्म पाउनेछ।

(३) प्रसूति स्याहार विदामा वस्ने कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ।

(४) प्रसूति स्याहार विदा लिने नगर प्रहरी कर्मचारीको विदा स्वीकृत गर्ने कार्यालयले अध्यावधिक



बनाई राख्नुपर्नेछ।

(५) सुत्केरी स्याहार विदामा बस्ने कर्मचारीले जन्म दर्ता प्रमाण पत्र वा सम्बन्धित अस्पतालको प्रमाणपत्र पेश गर्नु पर्नेछ।

१७) विरामी विदा : नगर प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिन विरामी विदा विदा पाउने छ।

१८) सट्टा विदा :

कुनै पनि सार्वजनिक विदाको दिन ड्युटी गर्ने नगर प्रहरी कर्मचारीलाई आलोपालो मिलाई सम्वन्धित कार्यालय प्रमुखले सट्टा विदा दिन सक्नेछ। तर यस्तो सट्टा विदा एकपटकमा सात दिनभन्दा बढी हुने छैन। तर करार सेवामा नियूक्त नगर प्रहरी सेवाका कर्मचारीहरुको हकमा करारनामामा उल्लेख भए अनुसारको विदा मात्र पाउनेछ।

(१९) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो तजबीजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ साथै आवश्यक परेमा विदामा वसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ।

२०) विदा स्वीकृत नगराई घर वस्ने नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने :

(१) यस कार्यविधि वमोजिम विदा स्वीकृत नगराई बस्ने नगर प्रहरी कर्मचारी कार्यालयमा हाजिर हुन पाउने छैन।

(२) कार्यविधिको २० (१) को उल्लंघन गरी गैर हाजिर हुने नगर प्रहरी कर्मचारीलाई नगर कार्यपालिकाको कार्यालयले सेवाबाट हटाउन सक्नेछ। तर विदाको निकास नहुँदै विदा बसी पछि सो गैर हाजिर भएको अवधिको लागि विदाको निवेदन गरी सो विदा स्वीकृत भएमा यो नियम उल्लंघन गरेको मनिने छैन।

२१) विदा दिने अधिकारी : देहायको बिदा स्वीकृत गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछ।

(१) भैपरी आउने र पर्व विदा - नगर प्रहरी प्रमुख

(२) किरिया विदा - प्रमुख प्रशासकीय अधिकृत

(३) प्रसुती विदा - प्रमुख प्रशासकीय अधिकृत

(४) सट्टा विदा - प्रमुख प्रशासकीय अधिकृत

(५) प्रसुति स्याहार विदा - प्रमुख प्रशासकीय अधिकृत

(६) विरामी विदा - प्रमुख प्रशासकीय अधिकृत

यस्ता स्वीकृत भएका विदाहरुको अभिलेख १५ दिन भित्र प्रशासन शाखामा अनिवार्य उपलब्ध गराउनु पर्नेछ।



CamScanner

२२) विदा परिणत नहुने : यस परिच्छेद बमोजिम नगर प्रहरी कर्मचारीले जुन विदा लिई बसेको हो सोही विदा नै उपभोग गर्नु पर्नेछ । पहिले कुनै एक किसिमको विदा स्वीकृत भएकोमा त्यस्तो विदा पछि किरिया विदा वा प्रसूति विदा वाहेक अर्को किसिमको विदामा परिणत गराउन पाइने छैन ।

२३) सार्वजनिक विदा गाभिने : भैपरी आउने र पर्व विदा वाहेक अरु कुनै प्रकारको विदा लिई बसेको नगर प्रहरी कर्मचारीले सो विदा भुक्तान हुँदा सार्वजनिक विदा पर्न गएमा र सार्वजनिक विदा पछि कार्यालयमा हाजिर नभएमा सो सार्वजनिक विदाको अवधि पनि निज कर्मचारीले लिएको विदा वा सो विदा बाँकी नभएमा लिन पाउने अरु विदामा वसेको मानिनेछ ।

२४) कार्यालयमा अनुपस्थित हुने उपर कारवाही : विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल र तलवकट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ । यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुने छैन ।

२५) विदा लिने विधि :

(१) यस परिच्छेदवमोजिम विदा लिन चाहने नगर प्रहरी कर्मचारीले आफुलाई चाहिएको विदाको अवधि, कारण भए सो समेत खोली रीतपूर्वकको लिखित दरखास्त आफू हाजिर रहेको शाखा मार्फत विदा स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ । विदा स्वीकृत भए नभएको सम्वन्धित शाखा प्रमुखले सम्वन्धित कर्मचारीलाई दिनुपर्नेछ ।

(२) कुनै किसिमको विदा स्वीकृत दिने अधिकारीले परिस्थितिको विचार राखिकन मात्र विदा दिने वा नदिने निर्णय गर्नेछ ।

(३) भैपरी आउने विदाको सम्वन्धमा विदा स्वीकृत गर्ने अधिकारीले उपनियम (१) वमोजिम दरखास्त नदिए पनि आफनो तज्वीजबाट मौखिक अनुरोधको आधारमा पनि त्यस्तो विदाको स्वीकृत दिन सक्नेछ ।

(४) देहायमा लेखिएवमोजिमका कुरामा विदा दिने अधिकारीलाई चित्त बुझेमा निजले विदाको लागि दरखास्त परेको मितिभन्दा अगाडिदेखि पनि विदा वस्न पाउने गरी निवेदकलाई विदा दिन सक्नेछ

(क) विदा दिने अधिकारीको पूर्व स्वीकृति लिई रहन सम्भव थिएन भने वा

(ख) पूर्व स्वीकृतिको लागि निवेदकले सकभर प्रयास गरेको थियो भने ।

तर विदा बसी सकेपछि स्वीकृतिको लागि दरखास्त परेकोमा अस्वीकृति हुन गई त्यसको फलस्वरुप विदाको निवेदन गर्ने नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाइएमा निजले पुनरावेदन गर्न सक्नेछ ।

२६) विदाको अभिलेख : विदा दिने अधिकारीले आफ्नो मातहतका सबै नगर प्रहरी कर्मचारीको विदाको अभिलेख किताव खडा गरी लगत राख्ने र प्रशासन शाखालाई १५ दिन भित्र अनिवार्य लिखित जानकारी दिनु पर्नेछ ।

२७) निकासा लिन नभ्याएमा : कुनै नगर प्रहरी कर्मचारीलाई आवश्यक परी विदामा नवसी नहुने अवस्था पर्न आएको भन्ने निकटतम माथिल्लो अधिकारीलाई लागेमा र सो विदा स्विकृत हुने देखिएमा निजले त्यस्तो नगर प्रहरी कर्मचारीलाई विदामा वस्न लिखित आदेश दिई त्यसको सूचना विदा दिने अधिकारी समक्ष पठाउनुपर्छ ।



२८) गयल खाली जनाउने : कुनै नगर प्रहरी कर्मचारी गयल परी सो कुराको जनाउ नगरपालिकाको प्रशासन शाखामा पठाई सके पछि सम्वन्धित नगर प्रहरी कर्मचारीले विदा स्वीकृत हुन पर्ने व्यहोरा दर्शाई आफू गयल परेको सूचना पाएको मितिले १५ दिनभित्र आफूलाई गयल गर्ने अधिकारी भन्दा एकतह माथिको सम्वन्धित अधिकारी समक्ष प्रतिवेदन दिन सक्नेछ । सो प्रतिवेदन उपर छानविन र जाँच पड्ताल गर्दा नगर प्रहरी कर्मचारीको प्रतिवेदन व्यहोरा साँचो देखिन आएमा सम्वन्धित अधिकृतले विदा स्वीकृत गरी थमौटी गरेको व्यहोरा लेखि पठाउन सक्नेछ ।

२९) झुठो कारण देखाएमा सजाय हुने : कुनै नगर प्रहरी कर्मचारीले कुनै झुठ्ठा कारण देखाई विरामी विदा, किरिया विदा र प्रसूती विदा लिई बसेको ठहरिएमा त्यस्तो नगर प्रहरी कर्मचारी विभागीय सजायको भागी हुनेछ ।

३०) तालिम अवधिमा विदा वस्ने बारे : यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तालिम अवधिभर सार्वजनिक विदा र किरिया विदाबाहेक साधारणतया अरु कुनै विदा दिइने छैन ।

## परिच्छेद ५

## आचरण

३१) दान उपहार लिन नहुने : आफ्नो काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि नगर प्रहरी र निजको परिवारका सदस्यसमेतले नगरपालिकाको पूर्व स्वीकृत विना स्वदेशी तथा विदेशी संघ संस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपहार स्वीकार गर्नु हुदैन ।

३२) चन्दा लिन नहुने : कुनै नगर प्रहरी कर्मचारीले नगरपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

३३) स्वीकृती विना अचल सम्पत्ति खरिद गर्न नहुने.: नगरपालिकालाई पूर्व सूचना नदिई कुनै पनि नगर प्रहरी कर्मचारीले आफ्नो बसोबासको निमित्त चाहिने बाहेक आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको नाममा कुनै अचल सम्पत्ति खरिद गर्न हुदैन यदी खरिद गर्नु पर्ने भएमा विदेह नगरपालिकाको स्वीकृत लिएर मात्र खरिद गर्न सक्नेछ ।

३४) सम्पत्तिको विवरण दिनुपर्ने : (१) नगर प्रहरी कर्मचारीले शुरु नियुक्ति भएको मितिले तीन महिना भित्र र त्यसपछि प्रत्येक आर्थिक वर्षको शुरुवातको ६० दिन भित्र नगरपालिकाले तोकिएको कर्मचारी समक्ष देहायको सम्पत्तिको विवरण दाखिला गर्नु पर्ने छ ।

१. आफ्नो वा एकासगोल परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ति, शेयर, बैंक मौज्दातको विवरण ।

२. आफूसँग वा आफ्नो नाउँमा रहेको नगद, जवाहरात, सुन, चाँदीको परिमाण र अन्दाजी मूल्य ।

३. कार्यविधिको बुँदा ३४ को उपबुँदा १ बमोजिमको विवरण दाखिला गर्दा संयुक्त परिवारमा रहेको नगर प्रहरी कर्मचारीले आफ्नो परिवारको प्रमुखको नाममा निजसँग रहेको सम्पत्तिको विवरण दाखिला



CamScanner

गर्नुपर्नेछ।

३५) व्यापार व्यवसाय गर्न नहुने : कुनै पनि नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृती वेगर कुनै वयपार व्यवसाय, कुनै फर्म, संस्थाको हिस्सेदार वा संचालक हुने कार्य गर्नु हुवैन।

३६) प्रसारण, प्रकाशन गर्न नहुने : नगर प्रहरी कर्मचारीले नगरपालिकाद्धारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैह्रसरकारी संघ संस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट प्रसारण प्रकाशन वा कसैलाई जानकारी दिन हुदैन।

३७) रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुने : नगर प्रहरी कर्मचारीले नगरपालिकाको अधिकार प्राप्त अधिकारीको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफनै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्धारा प्रसारण गर्न हुँदैन।

तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा त्यस्को स्वीकृती लिई रहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नुपर्दछ।

३८) विदेह नगरपालिकाको आलोचना : नगर प्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दा नगरपालिकाको नीतिको बिरुद्ध असर पर्ने गरी अथवा नगरपालिका र नगरवासीमा प्रतिकूल असर पुग्ने गरी भाषण, सम्वाद, लेख रचना गर्नु हुदैन्।

३९) निर्वाचनमा भाग लिन नहुने : नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्नु हुदैन। तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुनवमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन।

४०) राजनीतिमा भाग लिन नहुने : नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्नु हुँदैन।

४१) समय पालन र नियमितता : नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले विदाको निकासा नलिई काममा अनुपस्थित हुनु हुदैन।

४२) अनुशासन र आज्ञापालन :

(१) नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्दछ।

(२) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकतासाथ पालना गर्नुपर्दछ।

(३) नगर प्रहरी कर्मचारीले आफूभन्दा माथिका सबै अधिकृत/कर्मचारी प्रति उचित आदर देखाउनुपर्नेछ।

४३) नगर प्रहरी कर्मचारीले बाहिरि प्रभाव पार्न नहुने : नगर प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्वन्धी कुरामा आफूभन्दा माथिका अधिकृत/कर्मचारी माथि कुनै अनुचित प्रभाब पार्न अथवा प्रभाब पार्ने प्रयत्न गर्नु हुदैन।



४४) बहुबिबाह, बालबिबाह, अनमेल बिबाह प्रतिवन्ध : नगर प्रहरी कर्मचारीले मुलुकी ऐन बिहाबारीको महलका बिपरीत हुने गरी बिबाह गर्नु गराउनु हुँदैन।

## परिच्छेद - ६

## सजाय र पुनरावेदन

४५) सजाय : उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ :

१. नसिहत दिने।

२. शारीरिक थकाई हुने (फेटिग) सजाय गर्ने।

३. तलव वृद्धि रोक्का गर्ने।

४. तल्लो तहमा घटुवा गर्ने

५. लापरवाही गरी नगरपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टा गरी असुल गर्ने।

६. भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने।

७. भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने।

४६) नसिहत दिने वा प्रतिकूल राय लेख्ने : नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेम्म नसिहत दिन सक्नेछ। दुई पटकसम्म नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्वन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ।

४७) तलब वृद्धि वा पदोन्नति रोक्ने : नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्न सक्नेछ।

४८) दर्जा र तलब घटाउने : कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र नगरपालिकालाई हानि नोक्सानी पुऱ्याएकोमा सो समेत निजबाट भराउन सक्नेछ।

१) सन्तोषजनक काम नगरेमा।

२) अनुशासनहीनता गरेमा।

३) आचरणसम्वन्धी कार्यविधि उल्लंघन गरेमा।

४) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा।

५) मनासिव कारण नभई वा विदा नलिई विवा बसेकोमा वा गैरहाजिर भएमा।

छ) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा।

४९) नोकरीबाट हटाउने वा बर्खास्त गर्ने : (१) देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ।

क) अयोग्यताको कारणले आफनो पदीय जिम्मेवारी पूरा र दायित्व पूरा गर्न नसकेमा



CamScanner

ख) राजनीतिमा भाग लिएमा

ग) पटक-पटक अनुशासनहीनताको काम गरेमा

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी दोषि प्रमाणित भएमा ।

ङ) डिउटीमा भएको अवस्थामा वा नरहेको अवस्थामा बर्दीको पोशाक लगाई कुनै मादक पदार्थ सेवन गरी हिडेमा वा जथाभावी गरेमा

च) भ्रष्टाचार गरेमा

छ) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा

ज) आचरण सम्बन्धी नियमहरु पटक-पटक उल्लंघन गरेमा

झ) मनासिब कारण नभई वा विदा नलिई विदा वसेमा वा गैरहाजिर भएमा ।

५०) सजाय सम्बन्धी कार्यविधि :

(१) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको उल्लेख गरी, हुन सक्ने सजायसमेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ। त्यस्तो सूचना दिंदा लगाइएका आरोप स्पष्ट रुपले किटिएको हुनुपर्नेछ। त्यस्तो नगर प्रहरी कर्मचारीले सजाय गर्ने अधिकारीले तोकिएको म्यादभित्र आफ्नो सफाइको र प्रस्तावित सजायको सम्बन्धमा लिखित स्पष्टीकरण पेश गर्नुपर्नेछ। तर भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरी कर्मचारीको सम्बन्धमा यस कार्यविधि बमोजिमको कार्यविधिको रीत पुऱ्याउनु पर्ने छैन ।

३) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै नगर प्रहरी कर्मचारीलाई सजाय दिनुपर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजायको बारेमा सूचना समेत दिनुपर्नेछ।

४) सफाई पेश गर्ने मौका दिन मनासिब नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी त्यस्तो नगर प्रहरी कर्मचारीलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछैन ।

५) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ। जाँचबुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित नगर प्रहरी कर्मचारीसमेत लाई कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुत प्रमाण दाखिला गर्ने मौका दिनु पर्नेछ।

६) कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको नगर प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वत: निलम्बित हुनेछ। तर

(क) निलम्बित कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले सो अवधिको चौथाइ तलव पाएको भए सो कट्टा गरी र नपाएको भए पुरै (तलव वृद्धि हुने



भएमा सो समेत) पाउने छ। कसुरदार ठहरिएमा निलम्वन भएका मितिदेखिको बाँकी तलव भत्ता पाउने छैन।

(ख) कुनै कर्मचारी नगरपालिकाको कामको सम्वन्धमा वा नेपाल सरकारबाट भएको कारवाहीको सिलसिलामा निलम्वन भएको नभई अरु नै कारणबाट निलम्वन रहन गएको रहेछ भने त्यसरी निलम्वन रहेको अवधिको तलव भत्ता पाउने छैन।

५१) सजायको आदेश दिने : जाँचवुझको काम समाप्त भएपछि सम्वन्धित नगर प्रहरी कर्मचारीलाई निजसित स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टिकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ।

५२) यस कार्यविधिमा अन्यन्त्र जुन सुकै कुरा लेखिएको भए ता पनि नगर प्रहरी कर्मचारी डिउटीमा खटिएको वेला वा दैविक प्रकोप उद्धारको समयमा कुनै आकस्मिक दुर्घटनामा परी वा लडी अशक्त भएमा त्यस्तो नगर प्रहरी कर्मचारीलाई सेवाबाट अवकाश_ दिईनेछ र निजले ३ वर्षसम्म खाईपाई आएको पुरा तलब भत्ता पाउनेछ।

(१) नगर प्रहरी कर्मचारीको अशक्तताको निर्धारण गर्न देहायवमोजिमका समिति रहने छन्:

(क) प्रमुख प्रशासकीय अधिकृत- अध्यक्ष

(ख) प्रतिनिधि : चिकित्सक, नेपाल सरकार मातहतको अस्पताल - सदस्य

(ग) नगर प्रहरी प्रमुख - सदस्य सचिव

(२) कार्यविधिको बुदा नं. ५२ को उपबुदा नं. (१) वमोजिम गठित समितिलाई कुनै नगर प्रहरी कर्मचारको मृत्यु आफ्नो कर्तव्य पालन गर्दा वा तालिम लिंदा दुर्घटना वा विपद् वा अन्य कुनै यस्तै प्रकारको घटनामा परी भएको हो वा होइन भन्ने अशक्तताको सम्वन्धमा निर्णय गर्ने समेत अधिकार हुनेछ।

५३) उपचार खर्च :

(१) कुनै नगर प्रहरी कर्मचारी नियमित कार्यसम्पादनको सिलसिलामा विरामी भएमा औषधि उपचारको लागि देहाय वमोजिम भएको खर्चको रकम नगरपालिकाले उपचार खर्च वापत दिनेछ:-

क) अस्पताल भर्ना भई वा नभई उपचार गराउँदा लागेको अस्पतालको बिल बमोजिमको खर्च र अस्पतालको चिकित्सकको रोगको निदानसहतिको प्रेशक्रिप्शन वमोजिम खरिद गरेको औषधि खर्च।

ख) प्लाष्टिक सर्जरी वा निजी नर्सिङ्ग होमभा गरेको चिरफार (सर्जिकल अपरेशन) वाहेक सबै किसिमको चिरफार गर्दा लागेको बिल वमोजिमको खर्च।

ग) आफ्नो घर वा डेरा छाडी अर्को जिल्लामा वा विदेशमा गई औषधि उपचार गराउँदा त्यस्तो स्थानसम्म पुग्वाको र फर्कदाको विरामीको र कुरुवा चाहिने अवस्था भए एक जना कुरुवा सम्मको यातायात खर्चको पूरै रकम र खाना खर्च वापत निज विरामी नगर प्रहरी कर्मचारीको नियमानुसार पाउने दैनिक भत्ताको पचहत्तर प्रतिशत रकम।

(२) कार्यविधिको उपर्युदा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर प्रहरी कर्मचारीको तमाम नोकरी अवधिभरमा नगर प्रहरी कर्मचारीहरुले अधिकृत स्तरको भए १२ महिना र सो भन्दा मुनिको पदको लागि १८ महिना बराबरको तलब रकम सम्म मात्र उपचार खर्च दिइनेछ।

तर कार्यालयको कामको सिलसिलामा चोटपटक लाग्न गई घाईते भएको नगर प्रहरीको उपचार गर्न लागेको सम्पूर्ण खर्च वा नेपाल राज्यभित्र औषधि उपचार हुन नसक्ने भनी नेपाल सरकारद्वारा नियुक्त मेडिकल बोर्डले सिफारिस गरेको नगर प्रहरी कर्मचारीले विदेशमा गई उपचार गराउन चाहेमा निजलाई नगरपालिकाले उपचार खर्च र एक जना बिरामी कुरुवाको खर्च समेत उपलब्ध गराउनेछ।

(३) झुट्टा ब्यहोरा पेश गरी उपचार खर्च माग गर्ने वा प्राप्त गर्ने नगर प्रहरी कर्मचारी उपर विभागीय कारबाही गरिनेछ। त्यसरी उपचार खर्च लिई सकेको भए सो रकमसमेत त्यस्तो नगर प्रहरी कर्मचारीबाट असुल गरिनेछ।

## परिच्छेद - ७

## तलब, भत्ता

५४) तलब भत्ता : नगर प्रहरी कर्मचारीले नियुक्ति वा बढुवाको नियुक्ति पाइसकेपछि हाजिर भएको मिति देखि तलब भत्ता पाउने छ। तलब र राशन भत्ता नेपाल प्रहरीले पाउने सुविधालाई आधार लिई तोकिए अनुसार हुनेछ।

५५) टाइम स्केल : (१) टाइम स्केलअनुसार तलब पाउने पदमा नयाँ नियुक्ति पाउने व्यक्तिले सामान्यतः स्केलमा लेखिएको न्यूनतम तलब पाउने छ। र अख्तियारवालाले कारणसमेत जनाई लिखित अनुरोध गरेमा नगरपालिकाले निजको प्रारम्भिक तलबलाई टाइम स्केलभित्रको कुनै माथिल्लो स्थानमा तोक्न सक्नेछ। असाधारण योग्यता भएका व्यक्तिहरुको हकमा मात्र अख्तियारवालाले यस्तो अनुरोध गर्न सक्नेछ

## परिच्छेद - ८

५६) निमित्त भई काम गर्ने व्यवस्था :

(१) एक महिना ननाघ्ने गरी कुनै कारणले नगर प्रहरी प्रमुख अनुपस्थित भएमा सोही कार्यालयका सबभन्दा वरिष्ठ नगर प्रहरी कर्मचारीले सो पदको निमित्त भई काम गर्नेछन।

(२) यसरी निमित्त भई काम गरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्ने नगर प्रहरी कर्मचारीको हुनेछ।

५७) एक पदमा एक व्यक्तिमात्र कायम मुकायम वा कार्यवाहक हुने : कुनै एक पदमा एक समयमा एकभन्दा बढी व्यक्ति कायम मुकायम वा कार्यवाहक मुकरर हुन सक्ने छैन।

५८) काम गरेको अवधिको तलब भत्ता : (१) कुनै पदमा कार्यवाहक वा निमित्त भई काम गर्ने नगर प्रहरी कर्मचारीले जुन पदमा काम गरेको छ सोही पदको तलब भत्ता र राशन पाउने छ। तर पन्ध्र दिनसम्म



कार्यवाहक वा निमित्त भई काम गरे वापत कुनै किसिमको तलब भत्ता र राशन दिइने छैन र पन्ध्र दिनभन्दा बढी अवधि कार्यवाहक वा निमित्त भई काम गरेकोमा पूरै अवधिको कार्यवाहक वा निमित्त भई काम गरेवापत तलब भत्ता र राशन दिइने छ।

## परिच्छेद - ९

## तालिम

५९) तालिमको व्यवस्था : नगर प्रहरी कर्मचारीलाई कार्यकुशल एवं दक्ष तुल्याउन विदेह नगरपालिकाले तोकिए बमोजिमको आवश्यकतानुसार अन्य तालिमहरु पनि दिन सकिनेछ।

६०) तालिम संचालन हुने स्थान : नगरपालिकाले तोकिएको स्थानमा हुनेछ।

६१) तालिमको अवधि : नगर प्रहरी सेवाको सबै नगर प्रहरी कर्मचारीहरुको तालिमको अवधि विदेह नगरपालिकाले तोकेको पाठयक्रम अनुसार हुनेछ।

६२) तालिमको अनिवार्यता :

(१) नगर प्रहरी सेवामा रहेका सबै नगर प्रहरी कर्मचारीहरुलाई आवश्यकतानुसार तालिम लिन अनिवार्य हुनेछ। यस्तो तालिममा सम्मिलित गराइएको नगर प्रहरी कर्मचारीहरुले लापरवाही देखाई आफ्नो व्यावसायिक ज्ञान प्रति उदासिनता तथा गैरजिम्मेवारी देखाएको ब्यहोरा अभिलेखमा जनाइनेछ।

(२) व्यावसायिक तालिम हासिल गर्न उदासिनता देखाएको ब्यहोरा अभिलेखमा जनाई सकेपछि निजहरुलाई पुनः एकपटक तालिमको मौका दिइनेछ। त्यसपछि पनि उदासिनता र गैरजिम्मेवारी देखाउनेलाई तल्लो पदमा झार्न वा सेवाबाट हटाउन सकिनेछ।

६३) तालिमको पाठ्यक्रम : विभिन्न तालिमहरुको पाठ्यक्रम तयार गर्न नगर प्रहरी प्रमुख समेत रहने एक समितिको गठन हुनेछ।

६४) आन्तरिक तालिम : एकै पटक नियुक्ति भएमा नगर प्रहरी कर्मचारीलाई आन्तरिक तालिममा पठाउँदा

– साधारणतया समान अवसर प्राप्त हुने गरी तालिमको व्यवस्था मिलाउनुपर्नेछ।

## परिच्छेद - १०

## पोशाक

६५) नगर प्रहरी पोशाक : नगर प्रहरीको पोशाकको रंग र किसिम र अन्य विवरण नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।



CamScanner

६६) प्रारम्भिक पोशाक र सामान : प्रत्येक नगर प्रहरी कर्मचारीलाई नगर कार्यपालिकाको कार्यालयले तोके बमोजिमको पोशाक र सामान उपलब्ध गराईनेछ ।

६७) जाडो मौसमका लागि दिइने पोशाक : प्रत्येक नगर प्रहरी कर्मचारीलाई जाडो मौसमको लागि पोशाक नि:शुल्क दिइनेछ । हरेक तीन बर्षको लागि एक सेट पोशाक उपलब्ध गराईने छ ।

६८) सेरोमोनियल पोशाक : अधिकृत कर्मचारीहरुलाई सेरीमोनियल पोशाकको लागि तोकिएको रकम उपलब्ध गराईनेछ ।

६९) तयारी पोशाक वितरण गर्न नसकिएमा दिने सुविधा : नगर प्रहरी कर्मचारीलाई तयारी पोशाक वितरण गर्न नसकिएको अवस्थामा स्थानीय दर रेट बमोजिम सिलाई ज्याला दिइनेछ ।

७०) नगर प्रहरीको पोशाक सट्टा भर्ना : नगर प्रहरी कर्मचारीहरुलाई निजहरुको मालसामान र पोशाक निश्चित अवधि नपुगी वा कामकाजको सिलसिलामा फाटी गएमा नगर प्रहरी प्रमुखले पेश गरे बमोजिम सट्टा गरी नयाँ दिइनेछ ।

## परिच्छेद - ११
## विविध

७१) विभागीय आदेश र निर्देशन : यस कार्यविधिको परिधि भित्र रही देहायका विषयमा नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृतको निर्देशन बमोजिम आदेश तथा निर्देशन जारी गर्न सक्नेछ ।

(क) कार्यमा छिटो छरितोपन ल्याउने विषय
(ख) मातहतको नगर प्रहरी कार्यालयलाई नियन्त्रण गर्ने विषय
(ग) मातहत कार्यालयको कार्यमा समन्वय कायम ल्याउने विषय
(घ) नियममा उल्लेख भएको कुराहरु स्पष्ट तथा विस्तृत गर्ने विषय
(ङ) विभागीय अनुशासन सम्बन्धी व्यवस्था

७२) पुरस्कार : देहायका पदाधिकारीहरुले आफ्नो र आफ्ना मातहत कार्यालयका नगर प्रहरी कर्मचारीहले आफ्नो कर्तव्यपालनको सिलसिलामा प्रसंशनीय काम गरेमा त्यस्तो नगर प्रहरी कर्मचारीहरुलाई पुरस्कार स्वरुप रकम उपलब्ध गराउन सिफारिस गर्न सक्नेछन् :

७३) चाडपर्व खर्च पाउने : नगर प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछ ।

७४) अन्य सुविधा तथा व्यवस्था :

(१) नगर प्रहरी कर्मचारीहरुलाई दिईने सुविधाहरु नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(२) हाल करार सेवामा रहेका नगर प्रहरी जवानहरुको हकमा यो कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यविधि जारी भएपछि हुने पहिलो नगर प्रहरी जवान पदको खुल्ला विज्ञापनमा एक पटकलाई भाग लिन उमेरको हद लाग्ने छैन ।

(३) यो कार्यविधि जारी भए पश्चात रिक्त नगर प्रहरी जवान पदमा खुल्ला विज्ञापन मार्फत पदपूर्ति गरेपछि सेवा करारमा कार्यविधि जारी हुँदाको बखत कार्यरत बाहेक थप नगर प्रहरी राखिने छैन ।



७५) बाधा अड्काउ फुकाऊ : विदेह नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यरत नगर प्रहरी कर्मचारीहरुको सेवा, शर्त, सुविधा र संचालन यस कार्यविधिमा व्यवस्था भएको हदसम्म यसै कार्यविधि बमोजिम हुनेछ । यस कार्यविधिमा व्यवस्था नभएका विषयहरुको हकमा नेपाल प्रहरी नियमावली, २०७१ बमोजिम हुनेछ ।

७६) कार्यविधि संशोधन : यस कार्यविधिमा आवश्यक संशोधन विदेह नगरपालका नगर कार्यपालिकाले गर्न सक्नेछ ।

आज्ञाले,
**संजिव कुमार साह**
**प्रमुख प्रशासकीय अधिकृत**



CamScanner